# बराहक्षेत्र नगरपालिका

## १८ औं नगरसभामा

## प्रस्तुत गरिएको

## आर्थिक वर्ष २०८३/०८४ को

# बजेट वक्तव्य

## बराहक्षेत्र नगरपालिका

## बराहक्षेत्र नगरपालिकाको कार्यालय

चक्रघट्टी, सुनसरी

कोशी प्रदेश, नेपाल

१० असार, २०८३

**नगर सभाका अध्यक्ष ज्यू,**
**माननीय मन्त्रीज्यू,**
**माननीय कोशी प्रदेश सभा सदस्यज्यूहरु,**
**नगरसभाका सचिव ज्यू,**
**नगरसभा सदस्य ज्यूहरु,**
**राजनितिक दलका प्रमुख तथा प्रतिनिधीज्युहरु,**
**विभिन्न संघ संस्थाहरुबाट पाल्नु हुने प्रमुख एवं प्रतिनिधीज्यूहरु,**
**उपस्थित राष्ट्रसेवक कर्मचारी मित्रहरु,**
**सञ्चारकर्मी तथा अन्य उपस्थित महानुभावहरु ।**
**सर्वप्रथम म सबैलाई हार्दिक स्वागत र सम्मान प्रकट गर्दछु ।**

यस अवसरमा म सर्वप्रथम मुलुकको सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित स्वाभिमान, लोकतन्त्र तथा सामाजिक न्याय र परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहीदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै गत भदौ २३ र २४ गते नव युवा पुस्ताको आन्दोलनमा ज्यान गुमाउने महान् सहीद प्रति श्रद्धा सुमन अर्पण गर्दै घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

नेपाल सरकारको **"सुशासन, सामाजिक न्याय र समृद्धि"** राष्ट्रिय लक्ष्य र कोशी प्रदेश सरकारको "**सन्तुलित, समन्यायिक र समावेशी**

**विकासलाई सुनिश्चित गर्दै उच्च, दिगो र फराकिलो आर्थिक वृद्धिमार्फत जनताको विकास**" अभिष्ट पुरा गर्ने ध्येयका साथै नगरपालिकाको "**समृद्ध बराहक्षेत्रको आधार कृषि, पर्यटन र पूर्वाधार**" दुरदृष्टी सहितको गन्तव्य हाम्रो मुख्य लक्ष्य रहेको छ । यिनै लक्ष्यलाई आत्मसात गर्दै आगामी आ.व. २०८३/८४ को बजेट तर्जुमा गरिएको छ । बजेट तर्जुमा गर्दा मैले नेपालको संविधान, स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन -२०७४ (परिमार्जित) को सिद्धान्त, संघीय तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम, दिगो विकासका लक्ष्यका आधारहरु, विषयगत समितिहरुबाट आएका सुझावहरुलाई मार्गदर्शनका रुपमा लिएको छु । विभिन्न राजनैतिक दलहरु, नागरिक समाज, बुद्धिजिवीहरु, निजी क्षेत्र र संघ संस्थाबाट दिनु भएको सुझावहरुलाई समेत ध्यानमा राखेको छु ।

<u>**नगर सभा सदस्य ज्यूहरु,**</u>

बराहक्षेत्र नगरपालिकाको नगर उप-प्रमुख एवं बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजकको हैसियतले यस सम्मानित नगरसभामा आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक बजेट प्रस्तुत गर्न उपस्थित भएको छु ।

१. नेपालको वर्तमान संविधानमा उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु संघ र प्रदेश सरकारका नीति तथा कार्यक्रम, चालु आवधिक योजना, दिगो विकासका लक्ष्य, संघ, प्रदेश तथा स्थानीय ऐन, कानुन र कार्यविधीहरुबाट निर्देशित हुँदै यसै सम्मानित नगरसभाबाट स्वीकृत आ.व. २०८३/०८४ को नीत तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने गरी बजेट तर्जुमा गरेको छु ।

२. यो बजेट बराहक्षेत्र नगरबासीको तीव्र विकासको उच्चतम चाहनालाई आत्मसात गरी सबै क्षेत्रको समतामूलक विकासलाई दृष्टिगत गर्दै तयार पारिएको छ ।बराहक्षेत्र नगरपालिकाले स्थापित गरेको गरिमालाई थप उचाँइमा पुर्याउने गरी ल्याइएको यस बजेटले बराहक्षेत्र नगरपालिका भित्रका बहुआयामिक पक्षहरुलाई सम्बोधन गर्ने प्रयत्न गरेको छु ।

३. वित्तीय संघीयता अनुरुप विभिन्न तह र निकायहरुबाट प्राप्त हुने अनुदान र राजस्वलाई प्राथमिकीकरण गरी बजेटका प्राथमिकता र उद्धेश्य हासिल हुने कार्यक्रमहरुमा लगानी केन्द्रित गरेको छु । यस लगानीबाट कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, गरिवी न्युनीकरण र रोजगारी तथा स्वरोजगारका अवसरमा वृद्धि गर्दै समग्र नगरको विकास हासिल हुने अपेक्षा गरेको छु ।

४. "**समृद्ध बराहक्षेत्रको आधार, कृषि, पर्यटन र दिगो पूर्वाधार**" नै हाम्रो नगरको पहिलो समृद्धिको मार्ग देखिएकोले भौतिक पूर्वाधारलाई पहिलो र कृषि र पर्यटनलाई दोश्रो प्राथमिकतामा राखि बजेट विनियोजन गरेको छु ।

**आदरणीय उपस्थित महानुभावहरुः**

अब म बराहक्षेत्र नगरपालिकाको आर्थिक अवस्थाको बारेमा संक्षिप्त समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

चालु आ२० .व.८२/ड३ का लागि अघिल्लो नगर सभामा संशोधन सहित रु. १ अर्ब ७ करोड ३६ लाख ७९ हजार ७ सय १८ को बजेट प्रस्तुत गरिएको थियो । यसमा २०८३ जेठ मसान्त सम्ममा जम्मा रु. १ अर्ब ९ करोड ३३ लाख ४७ हजार ७ सय १८ संशोधित अनुमान रहेको छ । सशर्त, समपुरक र विशेष अनुदान (संघ तथा प्रदेश) समेत रु. ९४ करोड ४६ लाख ९७ हजार ५ सय ४८ स्थानीय तह सञ्चित कोषमा निकासा प्राप्त भई रु. ६७ करोड ६२ लाख ७३ हजार ६ सय कुल प्राप्त यथार्थ आम्दानीको ६१.८५ प्रतिशत खर्च भएको छ । यसमध्ये समग्रमा कुल विनियोजित बजेटको यथार्थ आम्दानीको आधारमा चालु तर्फ रु. ४४ करोड २४ लाख ४७ हजार ७ सय ८८ खर्च भई ७२.२३

प्रतिशत र पूँजीगत तर्फ २३ करोड ३८ लाख २५ हजार ८ सय ११ खर्च भई ४८.६३ प्रतिशत खर्च भएको छ ।

नगरपालिकाको आन्तरिक आम्दानीतर्फ (अ.ल्या. र स्थानीय राजस्व बाँडफाँड बाहेक) रु. ६ करोड ५१ लाख ८६ हजार ८ सय ३६ प्रक्षेपण गरिएकोमा २०८३ जेष्ठ मसान्त सम्ममा रु. २ करोड ८८ लाख ८६ हजार यथार्थ आम्दानी भई जेष्ठ मसान्त सम्म लक्ष्यको ४४.३१ प्रतिशत मात्र राजश्व प्राप्त भएको छ ।

**आदरणीय उपस्थित महानुभावहरुः**

यस सम्मानित सभामा नगर प्रमुख ज्युले हाम्रो नगरको यस आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत गरिसक्नु भएको छ । सोही नीति तथा कार्यक्रमलाई सफलतापूर्वक कार्यान्वयन गर्ने ध्येयका साथ यो बजेट तथा कार्यक्रम खर्च गर्ने श्रोत सहित तयार गरि सभामा प्रस्तुत गर्न गईरहेको छु ।

(क) ११ वटै वडाहरुबाट रु. १ करोड बजेट सिलिङ्ग भित्रबाट प्राप्त भएपश्चात वडा स्तरीय योजनाहरुलाई विषयगत सिलिङ्गका प्रतिशत निर्धारण भए बमोजिम हुने गरी आगामी आ.व.को कार्यक्रममा समावेश गरिनेछ । नगरपालिका स्तरमा वडा तथा विषयगत समितिहरुबाट सिफारिस भएका विभिन्न योजनाहरुलाई श्रोतले भ्याएसम्म प्राथमिकतामा राखिएको छ ।

(ख) आवश्यकता र प्राथमिकताको आधारमा साझेदारीमा आयोजनाहरु कार्यान्वयन गर्न समपुरक कोष र सार्वजनिक मर्मत सम्भारमा केही बजेट विनियोजन गरिएको छ ।

(ग) भविष्यमा आईपर्ने सक्ने विपदलाई दृष्टिगत गरी विपद व्यवस्थापन कोषमा केही रकम विनियोजन गरिएको छ ।

(घ) सामाजिक सुरक्षा कोष, महिला हिंसा निवारण कोष, कर्मचारी कल्याण कोषमा पनि केहि मात्रामा रकम विनियोजन गरिएको छ ।

(ङ) आगामी आ.व. २०८३/०८४ मा यस नगरपालिका अन्तर्गत लिइने कर, शुल्क, दस्तुर लगायतका दरहरुमा केही शिर्षकहरुमा मात्र न्यायोचित हेरफेर गरी प्राय धेरै जसो करका दर यथावत राखिएको छ ।

(च) व्ययको विवरण विनियोजन ऐनमा समावेश गरिएको छ । राजस्व तथा करका दरहरु विस्तृत विवरण आर्थिक ऐनमा समावेश गरिएको छ ।

(छ) बेरोजगार यूवाका लागि विभिन्न रोजगार कार्यक्रम र उपमेयर महिला सीप विकास तथा महिला सशक्तिकरण कार्यक्रम संचालनका लागि बजेट विनियोजन गरिएको छ ।

(ज) पिछडिएका महिलाहरुको हक स्थापित गर्न महिला सशक्तिकरण तथा तालिम मार्फत स्वरोजगार बनाउन नगरपालिकाले विशेष व्यवस्था गरेको छ ।

(झ) महिला दिदीबहिनीहरुलाई सामाजिक विभेद, लैङ्गिक हिंसा, कानुनी प्रावधान तथा सशक्तिकरण गर्नका लागि नगरपालिकामा रहेको सेफ हाउसलाई अझ मजबुत बनाई विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने योजना रहेको छ ।

**आदरणीय उपस्थित महानुभावहरुः**

अब म नगरपालिकालाई आगामी आ.व.मा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त र स्थानीय बजेटका साथै संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने विशेष तथा समपुरक अनुदान र नगरपालिकाको आन्तरिक श्रोत, विभिन्न संघ संस्थाबाट प्राप्त हुने कार्यक्रमगत खर्चका साथै आगामी आ.व. २०८३/८४ का लागि निम्नानुसार आम्दानी खर्चको प्रक्षेपण प्रस्तुत गरेकी छु ।

**आयतर्फ**

| सि.नं. | आम्दानी क्षेत्र | बजेट (रु.) |
|---|---|---|
| १ | आन्तरिक आय अनुमान | ५ करोड १४ लाख ८१ हजार |
| २ | स्थानीय राजस्व बाँडफाँड (घरजग्गा रजिष्ट्रेशन) | ३ करोड |
| ३ | संघीय सशर्त अनुदान (चालु तथा पुँजीगत समेत) | ४८ करोड २८ लाख |
| ४ | समपुरक अनुदान (संघ) | १ करोड ८९ लाख |
| ५ | विशेष अनुदान (संघ) | १ करोड ६४ लाख |
| ६ | वित्तीय समानिकरण अनुदान (संघ) | १९ करोड ५५ लाख |
| ७ | वित्तीय समानिकरण अनुदान (प्रदेश) | १ करोड ८१ लाख ७० हजार |
| ८ | संघीय राजश्व बाँडफाँड | १६ करोड ५५ लाख ४३ हजार |

| | | |
|---|---|---|
| ९ | प्रदेश सशर्त अनुदान (चालु तथा पुँजीगत समेत) | ३ करोड ५१ लाख ८४ हजार |
| १० | समपुरक अनुदान (प्रदेश) | ८० लाख |
| ११ | प्रदेश राजश्व बाँडफाँड | १ करोड २३ लाख ८८ हजार ८१ |
| **जम्मा** | | **१ अर्ब ३ करोड ४३ लाख ६६ हजार ८१** |

**खर्च तर्फको विनियोजन**

| **सि. नं.** | **खर्चको वर्गीकरण** | **विनियोजित बजेट (रु.)** |
|---|---|---|
| १ | चालु खर्च | १७ करोड २० लाख |
| २ | वडा कार्यालय (पुँजीगत) | ११ करोड |
| ३ | पुँजीगत बजेट (नगर तर्फ) | १९ करोड ९ लाख ९८ हजार ८१ |
| ४ | संघीय सशर्त अनुदान (चालु तथा पुँजीगत समेत) | ४८ करोड २८ लाख |

| | | |
|---|---|---|
| ५ | प्रदेश सशर्त अनुदान (चालु तथा पुँजीगत समेत) | ३ करोड ५१ लाख ८४ हजार |
| ६ | समपुरक अनुदान (प्रदेश) | ८० लाख |
| ७ | समपुरक अनुदान (संघ) | १ करोड ८९ लाख |
| ८ | विशेष अनुदान (संघ) | १ करोड ६४ लाख |
| **जम्मा** | | **१ अर्ब ३ करोड ४३ लाख ६६ हजार ८१** |

**आदरणीय उपस्थित महानुभावहरुः**

बर्षेनी जंगली जनावरबाट हुने बालीनालीको क्षति, भएका श्रोत साधन परिचालनमा समस्या, कोशी कटान बाढीपीडितको समस्या, संघीय तथा प्रदेश सरकारका वन क्षेत्र तथा अन्य क्षेत्र सम्बन्धी नीतिको अदुरदर्शीता र द्विविधाका कारण खेर गइरहेका प्राकृतिक स्रोत साधनहरुको समुचित सदुपयोग गर्न नसकिरहेको, संघीय सरकारबाट प्राप्त सिलिङ्ग अनुसार वित्तीय समानीकरण अनुदान तथा राजस्व बाँडफाँड वापतको रकम प्राप्त नहुनु, सीमित स्रोत साधनबाट असीमित माग जस्ता असंख्य चुनौतिका बाबजुद पनि हामी सबै एकजुट भएर लागि परेको खण्डमा उज्यालो सम्भावनायुक्त भविष्य भएको क्षेत्र हो हाम्रो बराहक्षेत्र नगरपालिका । स्थानीय तहको दोश्रो निर्वाचन पछिको मैले पेस गरेको पाँचौ बजेट तथा कार्यक्रमले बराहक्षेत्र नगरबासी जनताको आर्थिक, सामाजिक अवस्थामा परिवर्तन आउने, भौतिक विकासको फड्को मार्ने र जनताको जीवन निर्वाहमा केहि राहत महसुस

हुने, राजश्व संकलनमा उल्लेखनीय वृद्धि हुनुका साथै सेवा प्रवाहमा सुधारमा भई जनतामा सुशासनको अनुभुति हुने विश्वास लिएको छु ।

अन्त्यमा, अठारौं नगर सभाको समुद्घाटन समारोहमा आतिथ्यता स्वीकार गरी पाल्नुहुने सम्पूर्ण महानुभावहरु प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दै नगरको विकासमा रचानात्मक सहयोग एवं महत्वपूर्ण योगदान पुऱ्याउनु हुने नगर प्रमुखज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, सम्पूर्ण सभाका सदस्यज्यूहरु, विषयगत समितिका पदाधिकारीहरु, समाजसेवी, शिक्षक, प्राध्यापक लगायत राष्ट्रिय एवं स्थानीय स्तरका सम्पूर्ण गैरसरकारी संस्थाहरु, नगर सभा सम्पन्न गराउन अहोरात्र खटिनु भएका राष्ट्रसेवक कर्मचारी मित्रहरु तथा सम्पूर्ण नगरबासीहरुलाई हार्दिक धन्यवाद दिदै आ.व. २०८३/८४ को बजेट नीति तथा कार्यक्रमले परिलक्षित गरेका नतिजामुखी परिणाम हासिल गर्न सबैको महत्वपूर्ण सहयोग र सद्भावको निरन्तर अपेक्षा गर्दछु । यस कार्यक्रमलाई आ-आफ्नो स्थानबाट सहयोग गरी सफल बनाउन सम्पूर्ण महानुभावहरुलाई आव्हान गर्दै बिदा हुने अनुमति चाहन्छु ।

धन्यवाद ।

नन्दकुमारी सुनवार
नगर उपप्रमुख

१० असार, २०८३